गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पशुपतिनगर, बर्दिया, ५ नं. प्रदेश, नेपाल, २०७३

आज मिति २०७४ साल आषाढ २८ गतेका दिन गेरुवा गाउँपालिकाको अध्यक्ष श्री जमान सिंह के.सी. ज्यूको अध्यक्षतामा गेरुवा गाउँ कार्यपालिकाको प्रथम बोर्ड बैठक बस्यो। उपस्थिति तथा निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

श्री जमान सिंह के.सी. – अध्यक्ष सभा अध्यक्ष

श्री हिमा कुमारी बरुनी – उपाध्यक्ष

श्री दयाराम बैद्य थारु – वडा अध्यक्ष वडा नं. १

श्री आलोक कुमार थारु – " " " २

श्री फुमाराम थारु – " " " ३

श्री बल बहादुर वलाइजे – " " " ४

श्री बर्ष कुमारी थारु – " " " ५

श्री टेक बहादुर चौधरी – " " " ६

श्री भीम बहादुर खत्री – सदस्य सचिव

आमन्त्रित उपस्थिति

वडा सचिव श्री ठाकुर प्रसाद चौधरी

वडा सचिव श्री राजकुमार पौडेल

वडा सचिव श्री जितेन्द्र कुमार, के.सी.

वडा सचिव श्री भूमिराज घिमिरे

वडा सचिव श्री भागीराम चौधरी

लेखापाल श्री तुलसीराम श्रेष्ठ

Scanned by CamScanner

Ranjit. पंकज रायमाझी वैद्य

## प्रस्ताव

(क) महत्वाकांक्षी प्रस्तावहरु

१. गेरुवा गाउँपालिकालाई २०८० वर्षभित्र उज्यालो गाउँपालिका घोषणा गर्ने सम्बन्धमा ।

२. गेरुवा गाउँपालिकाका जनतालाई गेरुवा - कर्णाली नदीको बाढी र वन्यजन्तुबाट सुरक्षित घोषणा गर्ने सम्बन्धमा ।

३. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता

(ख) कार्य सञ्चालन सम्बन्धि प्रस्तावहरु

१. गाउँ परिषद बैठक र प्रस्तावहरु तय गर्ने सम्बन्धमा

२. गेरुवा गाउँपालिकाबाट सम्पादन भएका कार्यहरुको मूल्यांकन तथा समर्थन सम्बन्धमा

३. विविध -

(क) नियमित बोर्ड बैठक बोलाउने सम्बन्धमा

(ख) नियमित कार्य सञ्चालन गर्ने सम्बन्धमा

(ग) अविनाश कार्ययोजना सम्बन्धमा

**निर्णय नं.१**

**हाम्रो गाउँपालिकामा कोही पनि अध्यारोमा बस्नु नपरोस्** भन्ने उद्घासका साथ आगामी १ बर्ष भित्र अर्थात २०७५ साल आषाढ मसान्त सम्म यस गेरुवा गाउँपालिकाको वडानं. १ देखी वडानं.६ सम्मका सम्पूर्ण टोलहरुमा वसोवास गर्ने सबै जनताहरुको घरदैलोमा पोल र तार पुग्ने गरी विद्युतिकरण गर्ने कार्य पूरा गरी यस गाउँ पालिकालाई उज्यालो गाउँपालिका घोषणा गर्ने गरी महत्वाकाँक्षी योजना तयार गरी स्वीकृत गराई कार्य सम्पादन गर्ने गराउने संकल्प गर्दै गेरुवा गाउँपालिकाको निर्वाचित प्रतिनिधिहरुको पहिलो बोर्ड बैठकबाट सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२**

**हाम्रो गाउँपालिका अन्तर्गतका सबै जनताहरुको स्वतन्त्र रुपमा बाँच्न पाउने संवैधानिक अधिकारको रक्षा गर्न प्रतिबद्ध रहने** उद्घोसका साथ वन्यजन्तुको आक्रमणबाट ज्यान/धन जान सक्ने डरले आकान्त जनताहरु र बर्षा याममा कर्णाली नदीमा आउने बाढीबाट ज्यान/धन जान सक्ने डरले आकान्त जनताहरुको दुखका दिन अन्त्य गरी सुरक्षित महसुस गराउने कार्यमा गेरुवा गाउँपालिकाको नव निर्वाचित प्रतिनिधिहरुको टिम अग्रपंतिमा रहने प्रतिबद्धता जाहेर गर्दछ, र यसको न्युनिकरणका लागि नदी तटवन्धन, बिद्युतिय तारवार र एकत्रित सुरक्षित वसोवास जस्ता दिर्घकालीन योजना बनाई स्वीकृत गराई कार्यान्वयन गराई आगामी ५ बर्ष भित्र अर्थात २०७९ साल आषाढ मसान्त सम्ममा गेरुवा गाउँपालिका वडानं.१ देखी वडानं.६ सम्म बसोवास गर्ने सम्पूर्ण जनताहरुको घर आगनमा कर्णाली नदीको बाढी नपस्ने र वन्यजन्तुको आकर्मणबाट हुन नसक्ने गरी पूर्ण रुपमा सुरक्षित घोषणा गर्ने महत्वाकाँक्षीको योजना सम्पादन गर्ने गराउने संकल्प सहित प्रस्ताव सर्वसम्मत पारीत गरियो ।

**निर्णय नं.३**

**हाम्रो गाउँपालिकाका सार्वभौम जनतालाई सुशासनको प्रत्याभूति गराउने** उद्घोसका साथ यस गेरुवा गाउँपालिकाबाट भ्रष्टाचार, अनियमितता, घुस्खोरी र ढिलासुस्ति जस्ता विकृतिहरुको अन्त्य गरी भ्रष्टाचार बिरुद्धको शून्य सहनशिलता कायम गर्ने र जनतालाई सुशासनको प्रत्याभूति गराउन प्रतिबद्ध रहने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकारबाट सावीकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स.लाई समेटी ६ वटा वडामा विभाजन गरी गेरुवा गाउँपालिका नामाकरण र पशुपतिनगलाई केन्द्र तोकी कार्य सञ्चालन गर्न तोके पश्चात सर्वदलीय संयन्त्रको उपस्थितिमा गेरुवा गाउँ पालिकाको बोर्ड बैठकबाट निर्णय गरी कार्यालय सञ्चालन, योजना अनुगमन, फछ्यौंट भएको र सार्वजनिक खरिद योजना स्वीकृत गराई कार्यालय व्यवस्थापन कार्य गरेको देखिएकोले सावीक गा.वि.स.परिषदको निर्णय/स्वीकृति, सर्वदलीय संयन्त्रको उपस्थितिमा गाउँपालिका बोर्ड बैठकबाट भएको निर्णय/स्वीकृति र कार्यकारी अधिकृतको

Scanned by CamScanner

निर्णयबाट भएको कार्यालय सञ्चालन तथा व्यवस्थापन कार्यलाई यस बोर्ड बैठकले समर्थन गर्दै यस वोर्ड बैठकको निर्णयको अभिन्न अंगको रुपमा ग्रहण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं ४ (क) मा छलफल गर्दा अब देखी हरेक महिनाको ७ गते नियमित बोर्ड बैठक गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं.४ (ख) मा छलफल गर्दा यस गाउँपालिकाको दैनिक कार्य सञ्चालनका लागि गाउपालिकाको ऐन/नियम, नीति/निर्देशन तथा कार्यविधि नबनेको अवस्थामा सावीक बमोजिम नै कार्य सञ्चालन गर्न उपयुक्त हुने भएकोले हाललाई नेपाल सरकारबाट निर्धारित दस्तुर, सावीक गा.वि.स.परिषदको निर्णयबाट तय भएको दस्तुर दररेट तथा स्थानीय स्वायत्त शासन ऐन/नियम, आर्थिक ऐन/नियम र सार्वजनिक खरिद ऐन/नियमको परिधिमा रहि निर्देशित नमुना कानुनहरुमा व्यवस्था गरिएको नमुनाहलाई आधार बनाई दैनिक कार्य शुचारु गर्ने र दररेट नतोकीएका सम्पत्ति प्रमाणिकरण गर्नु पर्ने भएमा प्रमाणिकरण गर्नु पर्ने उल्लेखित सम्पत्तिको १.५० प्रतिशत कायम गर्ने, साथै यस गाउपालिकाका ६ वटै वडाहरुमा एकरुपता ल्याउनका लागि सवै वडा सचिवहरुले राजश्व दररेट र प्रावधान सहितको विवरण तयार गरी पेश गरे पश्चात राजश्व दररेट तोकी एकरुपता दिने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं.४(ग) मा छलफल गर्दा वार्षिक खरिद योजना तथा वार्षिक विकाश निर्माण योजना तयार भई आगामी परिषद सभाको भेलावाट पारीत नभए सम्म नेपाल सरकारबाट विनियोजित रकम खर्च गर्न नहुने भएकोले सावीकको सञ्चित रकम मध्येवाट आवश्यकताको आधारमा उपयुक्त शिर्षकमा गाउँपालिका अध्यक्षको स्वीकृतिमा कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा खर्च लेखी दैनिक कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

कार्यपालिकाले पूर्णता नपाई सकेको, परिषद गठन पूरा नभई सकेको अवस्थामा परिषदको बैठक तय गर्नका लागि दोश्रो बोर्ड बैठकवाट मिति तय गर्ने साथै विषयगत समितिहरु निर्माण गर्ने, संयोजक तथा कार्यविवरण तोक्ने र नमुना कानुन वमोजिमका सवै कानुनहरुको मस्यौदा तयार गर्न लगाउने कार्यको जिम्मेवारी यस गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी.लाई दिने र कार्यकारी अधिकृतलाई सवै विषयहरुमा सहजिकरण गर्ने जिम्मेवारी तोक्ने निर्णय गरियो ।

अध्यक्ष

Scanned by CamScanner